# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिका, चोयगा, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

प.स. ०७७/७८
च.नं. ११२२

लुम्बिनी प्रदेश, नेपाल


मिति : २०७८।०२।२०

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै),

छत्रकोट गाउँपालिका, गुल्मी ।

**विषयः परीक्षा संचालन, नतिजा प्रकाशन र नयाँ शैक्षिक सत्र सम्क्न्धमा ।**

प्रस्तुत विषयमा कोरोना भाइरस (कोभिड - १९) को नयाँ भेरियन्ट सहितको दोस्रो कहर तीव्र रुपमा फैलिएको कारण विद्यार्थीहरुको भौतिक उपस्थितिमा परीक्षा लगायत अन्य शैक्षिक गतिविधि संचालन गर्न सक्ने स्थिति नरहेको अवस्थालाई मध्यनजर गर्दै तपसिल बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

१. छत्रकोट गाउँपालिका अर्न्तगतका केही विद्यालय वाहेक धेरै विद्यालयमा कक्षाहरु १-७, ९ का केही विषयहरुका अन्तिम परीक्षा संचालन भए वमोजिम उत्तरपुस्तिकाहरु परीक्षण गर्ने ।

२. अन्तिम परीक्षा हुन नसकेका बाकी विषय तथा कुनै एक विषय पनि परीक्षा गर्न नसकेका विद्यालयको हकमा देहाय वमोजिम गर्ने गराउने :

| क.सं | कक्षा | आवधिक मुल्याङ्कन | | आन्तरिक मुल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-७, ८ र ९ | प्रथम त्रैमासिक-२०% | अर्धवाषिक-६०% | २०% | |

३. आन्तरिक मुल्याङ्कन गर्दा कक्षाकार्य, गृहकार्य, नियमितता, अनुशासन र सरसफाई जस्ता पक्षहरुलाई आधार मानि मुल्याङ्कन गर्ने ।

४. आधारभुत तह उत्तिर्ण परीक्षा (कक्षा ८) को सम्वन्धमा वुदा नं २ बमोजिम मुल्याङ्कन गरी प्राप्त प्राप्ताङ्कहरु सहित सैद्धान्तिक र प्रयोगात्मक प्राताङ्कहरु IEMIS बाट Class 8 Tamplate download गरेर प्राप्ताङ्कहरु इन्ट्रि गरी Upload गर्ने र सोको Soft Copy र प्रमाणित गरेको Hard Copy शिक्षा शाखामा बुझाउने ।

५. छत्रकोट गा.पा अर्न्तगतका विद्यालयहरुले शैक्षिक सत्र २०७८ को नतिजा यहि जेष्ठ मसान्त भित्र नतिजा प्रकाशन गर्ने ।

६. शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्ना सम्बन्धि कार्य असार १ गतेबाट सुरु गर्ने र सोको लागि सम्बन्धित विद्यालयले आन्तरिक तयारी गर्ने ।

७. IEMIS Software को प्राविधिक पक्ष तथा मुल्याङ्कन प्रक्रियाको बारेमा द्विविधा भए सम्पर्क गर्नु हुन ।

Ramyuwl ०२।२० टिकाराम आचार्य शिक्षा अधिकृत

टिकाराम आचार्य

शिक्षा अधिकृत

मधुकृष्ण पन्त

मधुकृष्ण पन्त
अध्यक्ष


फोन नं.-९८५७०६७९८४ | ईमेल-info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np